निर्णय नं ५

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा भीरकोट नगरपालिकाले ९३.५ अंक प्राप्त गरेको हुँदा उक्त अंक सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं ६

भीरकोट नगरगान छनौट गर्नका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं ७

भाग्योदय माध्यमिक विद्यालयले तयार गरेको नमूना विद्यालयको भौतिक पूर्वाधार विकास योजना कार्यक्रमको विस्तृत परियोजना प्रतिवेदन (DPR) संशोधनको लागि विद्यालय व्यवस्थापन समितिको निर्णय र सिफारिससमेत भई आएकोले प्रतिवेदनमा उल्लिखित लागतमा नवढ्नेगरी विस्तृत परियोजना प्रतिवेदन (DPR) संशोधन गर्न अनुमति प्रदान गर्ने ।

निर्णय नं ८

भीरकोट नगरपालिकाको रोजगार संवाद मन्च संचालन तथा व्यवस्थापन निर्देशिका २०८१, स्वीकृत गर्ने ।

निर्णय नं ९

भीरकोट नगरपालिका रोजगार सेवा केन्द्र, स्थानीय निर्देशक समितिको बैठकबाट कार्यस्थलमा आधारित सीप सम्बन्धी देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्नको लागि सिफारिस भइ आएकोले उक्त तालिम संचालनको लागि आवश्यक प्रकृया अगाडी बढाउने ।

देहाय

१) सडक मर्मतसम्भार सम्बन्धी तालिम
२) प्लम्बिङ सम्बन्धी तालिम

निर्णय नं १०

भीरकोट नगरपालिका वडा नं ४ स्थित सरसफाई केन्द्र र वडा नं ५ को सिम्ले जोड्ने झोलुङ्गे पुल निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न गण्डकी प्रदेश भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमा अनुरोध गर्ने ।

निर्णय नं ११

भीरकोट नगरपालिकालाई चालु आर्थिक वर्षमा प्रदेश विशेष अनुदान शिर्षकमा भीरकोट पार्क परिसरमा Swimming Pool, Fountain र Changing Room निर्माण कार्यको लागि रु. ४०,००००० विनियोजन भएकोमा उक्त योजनाको लागत अनुमान तयार गर्दा रु. ७५०००३१.०९ बराबरको लागत तयार भएकोले उक्त योजना सम्पन्न गर्न नपुग हुने रकम रु. ३५०००३९.०९ समपुरक कोषबाट भुक्तानी गर्ने ।

२०८१।६।२८

CamScanner